पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत ३० गते शनिबार ❑ 12 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गण्डकी विश्वविद्यालयको कुलपतिमा प्रा डा तिवारी

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

गण्डकी विश्वविद्यालयको कुलपतिमा प्रा डा इन्द्रप्रसाद तिवारी नियुक्त हुनुभएको छ । कुलपति सिफारिस समितिले गत चैत २१ गते तीन जनाको नाम सिफारिस गरेकामा मुख्यमन्त्री पाण्डेले तिवारीलाई नियुक्त गर्नुभएको हो ।



विश्वविद्यालय न्यासिक परिषद् अध्यक्षसमेत रहनुभएका छनोट समिति संयोजक प्रा डा कैलाशनाथ प्याकुरेलसहित सदस्यद्वय प्रदेश लोकसेवा आयोग सदस्य कल्पना लम्साल र न्यासिक परिषद् सदस्य डा यमुना घले समितिमा रहनुभएको थियो । कुलपतिका लागि तिवारीसहित प्रा डा विश्वकल्याण पराजुली र प्रा डा सरोज कोइरालाको नाम सिफारिस गरिएको थियो । पोखरा महानगरपालिका-३१ का तिवारी पोखरा विश्वविद्यालय स्कुल अफ सोसल साइन्सका पूर्वडिन रहनुभएको छ । नेपालको पहिलो प्रदेश विश्वविद्यालयका रूपमा गण्डकी विश्वविद्यालय रहेको छ । यसले गण्डकी विश्वविद्यालय ऐन, २०७६ गण्डकी प्रदेशसभाबाट २०७६ असोज २७ मा पारित भएसँगै विश्वविद्यालयको मान्यता पाएको थियो । विश्वविद्यालयमा हाल खेलकुद व्यवस्थापनमा स्नातक (बिएसएम), सूचना प्रविधिको स्नातक (बिआइटी) ब्याचलर अफ फार्मेसी (बिफार्म), ब्याचलर अफ बिजनेस एडमिनिस्ट्रेसन (बिबिए), ब्याचल अफ आर्ट्स ब्याचलर अफ ल (बिएएललबी) र मास्टर अफ इन्फर्मेसनटेक्नोलोजी-आर्टिफिसियल इन्टेलिजेन्स (एमआइटी एआई) विषयहरूको अध्ययनअध्यापन हुँदै आएको छ ।

## आत्महत्या रोकथाम सामूहिक उत्तरदायित्व हो : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

गण्डकीका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले आत्महत्या रोकथाम सामूहिक उत्तरदायित्व भएको बताएका छन् ।

मन्त्रालय र 'कोशिश' संस्थाको सहकार्यमा "आत्महत्या रोकथाम सम्बन्धी प्रदेशस्तरीय छलफल कार्यक्रम" मा बोल्दै उनले आत्महत्या रोकथामसँग सम्बन्धित नीति, कार्यक्रम तथा सेवाहरूको गहिरो समीक्षा गरिनुका साथै सुधारका पक्षहरू पहिचान गरि नुपर्ने उल्लेख गरे ।



"आत्महत्या रोकथाम कुनै एक निकायको जिम्मेवारी मात्र होइन। सकारात्मक सोच, सहकार्य र समाधानमुखी पहलबाट मात्रै हामीले आत्महत्याका घटनालाई न्यूनीकरण गर्न सक्छौं ।", उनले भने । मन्त्री थापाले आत्महत्या बढ्नुको प्रमुख कारणहरूमा असुरक्षित वैदेशिक रोजगारी, बेरोजगारी, आर्थिक कठिनाई, मानसिक स्वास्थ्य समस्या जस्ता विषयहरूलाई औंल्याए । उनका अनुसार यस्ता समस्याको समाधान सामूहिक प्रयासबाट मात्र सम्भव छ । विद्यालयमा मनोसामाजिक परामर्शदाताको व्यवस्था, युवाहरूलाई सीप विकास तालिममार्फत रोजगारीको अवसर, सचेतनामूलक कार्यक्रमहरूको विस्तार तथा मानसिक स्वास्थ्यको संरक्षणजस्ता गण्डकी प्रदेश सरकारको पहलहरूलाई थप प्रभावकारी बनाउन सबैको सहयोग अपरिहार्य रहेको उनले बताए । "सबल प्रदेश, स्वस्थ नागरिक र समावेशी समाज निर्माण हाम्रो लक्ष्य हो ।", उनले भने ।

कार्यक्रममा गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरिक्षक महेन्द्र खड्काले गण्डकी प्रदेशमा आत्महत्याको अवस्थाका बारेमा चर्चा गरेका थिए भने गण्डकी प्रदेशको सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालयकी उपसचिव मुना अधिकारीले आत्महत्या रोकथाम सम्बन्धी नीति, कार्यक्रम र यसको स्थितिका बारेमा जानकारी गराइन् ।

कार्यक्रममा विभिन्न सरोकारवाला निकायहरूबीच भविष्यका लागि स्पष्ट कार्यदिशा तय गर्नेसम्बन्धी छलफलसमेत गरिएको थियो ।

## फेवा महोत्सवको तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

होटल संघ पोखरा नेपालले यही चैत ३० गतेदेखि आगामी वैशाख १ गतेसम्म पोखरामा आयोजना गर्न लागेको २० औं फेवा नव वर्ष महोत्सव २०८२ को सम्पूर्ण तयारी पूरा भएको छ ।




आयोजक संघले शुक्रबार पोखरामा पत्रकार सम्मेलनको आयोजना गरी उक्त जानकारी दिएको हो । संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले स्थानीय अम्मटमा सडकमा नै महोत्सवको उद्घाटन गरिने जानकारी दिए । उनले महोत्सवमा यसपटक भक्तपुरको विस्केट जात्रा विशेष आकर्षणको रुपमा रहने जानकारी दिए । महोत्सवमा गण्डकी प्रदेशका ११ जिल्लाका मौलिक संस्कृतिको प्रस्तुती रहने उनले बताए । बाजा, भजन र रत्यौलीका कार्यक्रम पनि महोत्सवमा समेटिने जनाइएको छ । पोखराको खहरेचोकदेखि ड्यामसाइड विचको सडकमा आयोजना गरिने महोत्सवमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ । पर्यटन, संस्कृति र खाना फेवा महोत्सवको मुख्य आकर्षण रहने छन् ।

महोत्सवका अवसरमा संघ अन्तर्गतका सदस्य होटलले आफ्नो प्रकाशित दररेटमा २० प्रतिशत छुट प्रदान गर्ने छन् । अहिले पोखराका होटलमा पर्यटकको अकुपेन्सी ६० प्रतिशत रहेको र महोत्सवका अवसरमा यो ९० प्रतिशत पुग्ने संघका अध्यक्ष सुवेदीले सुनाए । प्रदेशस्तरीय मौलिक तथा रैथाने परम्परागत खानाको प्रदर्शन, सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती, मनोरञ्जनात्मक खेलकुद कार्यक्रम र पर्यटक दौड प्रतियोगिता महोत्सवका आकर्षण रहने छन् । संस्थागत ब्याडमिन्टन कप प्रतियोगिता यसपटकको नयाँ आकर्षणको रुपमा रहेको छ । यसलाई वाराही हस्पिटालिटी ग्रुपले प्रायोजन गरेको छ । यसैगरी स्थानीय एवम् प्रख्यात कलाकारद्वारा प्रत्यक्ष पप कन्सर्ट, कृषि एवम् हस्तकलाका सामानहरुको प्रदर्शनी तथा स्थानीय तथा प्रख्यात कलाकारद्वारा लोक दोहोरी कार्यक्रम पनि महोत्सवमा प्रस्तुत हुने छन् । महोत्सवका अवसरमा स्थानीय खहरे र ड्यामसाइडबाट झाँकी निकालिने छन् ।

फेवा महोत्सवको मुख्य प्रायोजकमा गोर्खा ब्रुअरी प्रा.ली, सह प्रायोजक वरुण वेभरेज लि.को पेप्सी, प्रायोजकहरुमा बन्दीपुर केवलकार लि. फोन पे, अन्नपुर्ण केवलकार लि, टोकला चिया रहेका छन् । इन्स्योरेन्स पार्टनरमा प्रभु इन्स्योरेन्स कम्पनी र प्रवर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, पोखरा महानगरपालिकका रहनेछन् ।

## पोखरामा शनिबार एमालेको बृहत् जागरण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत


नेकपा (एमाले) जिल्ला कमिटी कास्कीको आयोजनामा पोखरामा शनिबार जागरण सभा हुँदैछ ।

लोकतान्त्रिक गणतन्त्र र संविधानको रक्षा तथा प्रतिगामी षड्यन्त्रविरुद्ध एमालेले चिप्लेढुंगामा बृहत् जागरण सभा आयोजना गरेको हो ।

सभाअघि ३ ठाउँबाट बृहत् र्‍याली निकालिने एमाले कास्की अध्यक्ष बैनबहादुर अधिकारी क्षेत्रीले जानकारी दिए । सभागृहचोक, नदीपुर, रानीपौवाबाट र्‍याली निकालिने र उक्त र्‍याली चिप्लेढुंगा पुगेर सभामा मिसिने उनले बताए । रानीपौवाबाट सुरू हुने र्‍यालीमा

बाँकी अन्तिम पृष्ठमा ▶▶



# गत वर्षको च्याम्पियन मधेशलाई कर्णालीले हरायो

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

पोखरामा जारी दोस्रो संस्करणको केपी ओली कप टी - २० राष्ट्रिय क्रिकेट प्रतियोगितामा डिफेन्डीङ च्याम्पियन मधेश प्रदेश कर्णाली सामु निरीह बनेको छ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा पोखरा रंगशाला क्रिकेट मैदानमा जारी प्रतियोगिताको समूह 'सी' तर्फको पहिलो खेलमा कर्णाली एकेडेमीले मधेश प्रदेश क्रिकेटलाई १५ रनले हराएको हो। प्रतिकुल मौसमका कारण ओभर घटाएर १७ मा झारिएको थियो।

१४६ रनको विजयी लक्ष्य पछ्याएको मधेश प्रदेशले कुल १७ ओभरमा ६ विकेट गुमाउँदै १३० रनमा समेटियो। मधेशका लागि दिपेश दासले सर्वाधिक ४५ रनको योगदान दिएपनी जित दिलाउन भने सकेनन्। उनले ३६ बलमा ३ चौका र ३ छक्का प्रहार गरे। अभिषेक कार्की २२ रनमा अविजित रहे उनले १४ बलमा २ चौका र १ छक्का प्रहार गरे। विशाल पटेल ५ रनमा अविजित रहे। रुपेश सिंहले १७, हरिशंकर शाह ७, विशाल शुस्लिङ १२, अरनिको यादव १४ रनमा आउट भए। ओपनर रोहन विक शुन्यमै पेभेलियन फर्किए।

कर्णालीका लागि सुवास भण्डारी र दिपेन्द्र यादबले २-२, कृष्ण कार्किले १ मेडनसहित १ र अरुण ऐरिले १ विकेट लिए।

टस जितेर ब्याटिङ थालेको कर्णाली एकेडेमीले १७ ओभरमा १४५ रन बनाउदै अलआउट हुन पुग्यो। कर्णालीका लागि हिमांशु शाहिले सर्वाधिक ३८ रनको योगदान दिए। उनले ३१ बलमा २ चौका र ३ छक्का प्रहार गरे। यस्तै विपिन शाहिले २४ रन जोडे। १६ बलमा उनले २ चौका र १ छक्का प्रहार गरे। राज प्रसाद शाहले १६, अरुण ऐरि १३, कृष्ण कार्की ७, रविन्द्रजंग शाही ४ रनमा आउट भए। सुबास भण्डारी २ र ओपनर अदित्य विक्रम शाह शुन्यमा आउट भए। मधेशका लागि रुपेश सिंहले ४ ओभरमा २५ रन खर्चेर सर्वाधिक ४ विकेट लिए। अभिषेक कार्कीले ३ तथा विशाल पटेलले २ विकेट लिए भने प्रदिप पासवानले ४ ओभरमा १ मेडनसहित १ विकेट लिए। खेलको प्लेयर अफ दि म्याच कर्णालीका हिमांशु शाह घोषित भए। मौसमकै कारण दोस्रो खेल रोकिदा हिमाल फ्रेन्ड्स क्रिकेट क्लबले लुम्बिनी खुकुरी क्रिकेटलाई डकवर्थ-लुइस नियम (डीएल) मेथड अनुसार १३ रनले हराएको छ। वर्षाको कारण खेल हुन नसकेपछि डीएल मेथडबाट हिमाल फ्रेन्ड्सले जित हासिल गरेको हो। त्यसअघि टस जितेर ब्याटिङ थालेको हिमाल फ्रेन्ड्सले ११ ओभरमा ५ विकेट गुमाउँदै १०६ रन बनाएको थियो। ओपनर ओपनर सुबोध ऐरी ४० रन बनाउँदै आउट भए। उनले २१ बलमा ४ चौका र ३ छक्का प्रहार गरे। अभिनाष सिंह ५१ रनको अर्धशतकीय उत्कृष्ट पारी खेल्दै आउट भए। उनले ३१ बलमा ७ चौका, २ छक्का प्रहार गरे।

आयुव चन्द ३, दिपक रोकाया ३, सन्दिप भण्डारी ५ रनमा आउट भए भने सुनम बुढाथोकी १ रनमा नटआउट रहे। त्यसपछि वर्षाका कारण खेल रोकिएको थियो।

उता लुम्बिनीका लागि रन्जित चौधरी सार्वधिक ३६ रनको अविजित पारी खेले। उनले २२ बलमा ३ चौका र २ छक्का प्रहार गरे। सन्देश थापा १८, प्रज्वल थापा १०, ओपनर देव खनाल ३, तुलबहादुर थापा १ मोहम्मद हुसेन ४ र अभिषेस गौतम ७ रनमा आउट भए। अजय कुमार चौहान शुन्यमा नटआउट रहे। यो खेल समेत वर्षाका कारण रोकिन पुगेको थियो। हिमाल फ्रेन्ड्सका लागि सुशिल रावल, मनसुन सिंह र अभिनाष बस्यालले समान २/२ विकेट लिदाँ दिपक रोकायाले १ विकेट लिएका थिए। प्रतियोगिताको आठौं दिन कर्णाली र हिमाल फ्रेन्ड्स बिच पहिलो तथा मधेश र लुम्बिनीबिच दोस्रो खेल आयोजकले जनाएको छ।

# भेट्रान्स कप रनिङ शिल्ड फुटबलको उपाधि हेटौँडालाई

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

'आपसी सद्भाव, स्वास्थ्य र भाइचाराका लागि फुटबल' भन्ने नारासहित पोखरामा सञ्चालन भएको तेस्रो संस्करणको ४५ वर्ष उमेर समूहमाथिको 'एट ए साइड भेट्रान्स कप रनिङ शिल्ड' फुटबल प्रतियोगिताको उपाधि हेटौँडा भेट्रान्सले जितेको छ।

अमरसिंह ब्वाइज क्लबले आयोजनामा पोखरा रङ्गशालामा भएको प्रतियोगिताको आज सम्पन्न फाइनल खेलमा हेटौँडा भेट्रान्सले रूपन्देही ११ लाई २-० गोलअन्तरले पराजित गर्दै उपाधि उचालेको हो। खेलको पहिलो हाफको १९औँ मिनेटमा हेटौँडाका उमल मोक्तानले पहिलो गोल गर्दै टोलीलाई १-० को अग्रता दिलाए। त्यसैगरी, दोस्रो हाफको २७औँ मिनेटमा अटल बर्मा्ले दोस्रो गोल गर्दै हेटौँडाको उपाधि सुनिश्चित गराएका थिए। च्याम्पियन बनेको हेटौँडाले उपाधिसहित नगद रु एक लाख ५५ हजार ५५५, शिल्ड, मेडल र प्राप्त गरेको छ। त्यसैगरी उपविजेता रूपन्देहीले नगद रु ७७ हजार ७७७, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी हटौँडाका उदय गुरुङले हात पारे। गुरुङले नगद रु १० हजार प्राप्त गरे। प्रतियोगिताका विजेताहरूलाई गण्डकी प्रदेशसभा सदस्य सरस्वती गुरुङ, एबिसी क्लबका अध्यक्ष राजेश गुरुङ, गण्डकी प्रदेश फुटबल सङ्घका महासचिव विनोद गुरुङ, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङलगायतले पुरस्कार वितरण गर्नुभएको थियो। प्रतियोगितामा देशका विभिन्न स्थानबाट गरी ११ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गरेको क्लबका सचिव विजय घिमिरेले जानकारी दिनुभयो।

# अरुणा लामा-तारादेवी स्मृति श्रष्टा साँझ शनिबार, तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

अरुणा लामा-तारादेवी स्मृति श्रष्टा साँझको तेश्रो संस्करण शनिबार पोखरामा हुँदैछ।

पोखरेली महिला कलाकार हरुको साझा संस्था हार्मोनी र एभरेस्ट एफएम ९३ मेगाहर्जको संयुक्त आयोजनामा शनिबार पोखराको बुलौंदीस्थित पोखरा इभेन्ट सेन्टरमा अरुणा लामा-तारादेवी स्मृति श्रष्टा साँझको तेश्रो संस्करण हुन लागेको हो।

अपाराह्न ३:४५ बजेबाट शुरु हुने कार्यक्रमको तयारी पूरा भएको कार्यक्रम संयोजक दीपेन्द्र श्रेष्ठले जानकारी दिए। कार्यक्रमको पब्लिक फोरके टेलिभिजनसँगै एभरेस्ट एफएम र एभरेस्ट आवाज डटकमबाट एकसाथ प्रत्यक्ष प्रशारण हुने श्रेष्ठले बताए। स्वर साम्राज्ञी अरुणा लामा र तारादेवीको स्मृति दिवसको सन्दर्भ पारेर २०७९ सालदेखि शुरु भएको यो कार्यक्रम हरेक वर्ष माघ तेश्रो शनिबार हुँदै आएको छ। तर यस वर्ष माघ तेश्रो शनिबार गर्ने तयारी चलिरहँदा हार्मोनीका एक सदस्यको असामयीक निधन भएपछि अन्तिम समयमा स्थगित गरिएको थियो।

कालजयी गायीका तारादेवीको माघ १० गते र अरुणा लामाको माघ २२ गते स्मृति दिवस हो। दुबै कालजयी गायीकाद्वयको स्मृति दिवसको बिचको शनिबार पारेर कार्यक्रम गरिदै आएको छ। नेपाली सांगीतिक क्षेत्रका नक्षत्रहरु अरुणा लामा र तारादेवीको स्मृतिमा उनीहरुप्रति 'ट्रिब्यूट' दिने उद्देश्यले आयोजित स्मृति साँझमा पोखरेली कलाकारहरुले अरुणा लामा र तारादेवीका गीतहरु 'उडी जाउँ भने'-देबी गुरुङ, 'काली पारे दाइ कति राम्रो'-लक्ष्मी गिरी, 'भेटिनु छुटिनु त के हो र'-एलिना गुरुङ, 'फूलै फूलको मौसम तिमीलाई'-रजनी ऋदम राई, 'यति धेरै माया दिई'-कौशल्या गुरुङ, 'उकालो ओरालीहरुमा'-इतु जोजिजु, 'लुकुँ लुकुँ लाग्यो मलाई'-इतु जोजिजु र रामभक्त जोजिजु, 'सागुरी बारी नि है'-सितल थापा, 'ए कान्छा मलाई सुनको तारा'-सितल थापा र रामभक्त जोजिजु, 'तिम्रा पाउहरूमा म'-मितु पाल सिंह, 'फूललाई सोधें'-संगीता राणा प्रधान, 'पोहोर साल' (धुन)-बोबी सुनारले गुञ्जाउने हार्मोनी पोखराका अध्यक्ष इतु जोजिजुले जानकारी दिइन्। त्यस्तै समूह गीतहरूमा "यो मायालाई भरोसा छैन," "हाम्रो साहेब" (माया प्रीति चलचित्रबाट), र "सुडावा जस्तो जीवन" (शान्तिदीप चलचित्रबाट) प्रस्तुत गरिनेछ। त्यसबाहेक दुई स्वर किन्नरीका समकालीन गायीकाहरुको गीतपनि यस वर्षदेखि समावेश गरिने संयोजक श्रेष्ठले बताए।

कार्यक्रममा साहित्यकार, गीतकार, चलचित्र निर्देशक तथा अध्येता अन्वेषक प्रकाश सायमी र काठमाण्डौमा क्रियाशिल महिला गायिकाहरुको सांगीतिक समूह सुरशक्ति नारी समूहकी अध्यक्ष बरिष्ठ गायिका संगीता प्रधानको बिशेष उपस्थिति रहनेछ। कार्यक्रमको शुरुवातमा अध्येता सायमीले सदाझैं यस वर्षपनि दुबै श्रष्टाका गीतहरुसँग सम्बन्धित अनटोल्ड स्टोरीहरु सुनाउनेछन्। पोखरा महानगरपालिकाको प्रवर्द्धन र गण्डकी प्रज्ञा प्रतिष्ठानको सहकार्यमा हुने कार्यक्रमको साझेदारहरुमा डिजिटल साउण्ड एण्ड भिजन न्यूरोड, रुपाकोट ज्योति सुनचाँदी दुकान, अटोवेज, बेटर होम एप्लाईन्सेस, सगरमाथा लुम्बिनी इन्सुरेन्स कम्पनी (सलिको), सिटिजन फर्निचार न्यूरोड, फिस्टेल आईभिएफ फर्टिलिटी सेन्टर, नारी कलेक्सन चिप्लेढुंगा, कन्चन क्यापिटल अर्चलबोट, मिनबहादुर शेरचन स्टोर्स, नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज, ड्याडिज किचन्, सफल मिडिया हाउस र रुपाकोट ज्योति सुनचाँदी दुकान, रहेका छन्।

कार्यक्रमको इभेन्ट पार्टनर्समा हस्पिटालिटी पार्टनरका रुपमा पोखरा भिलेज रिसोर्ट, द ग्राउण्ड्स र सुईखेत रिभर भ्याली रिसोर्ट, टेलिभिजन पार्टनरका रुपमा पब्लिक फोरके टेलिभिजन, अनलाईन पार्टनरका रुपमा एभरेस्ट आवाज डटकम, प्रोमोटेड बाईमा परिचय एडभर्टाईजिङ, साउण्ड पाट्नरका रुपमा एस.के.साउण्ड र भेन्यू पार्टनरका रुपमा पोखरा इभेन्ट सेन्टर रहेका छन्।

# पोखरामा ...

रूपा गाउँपलिका, मादी गाउँपालिका, पोखरा-१०, १२, १३, १४, १५, २०, २६, २७, २८, २९, ३०, ३१, ३१ को टोली सहभागी हुनेछन्।

सभागृहको च्यालीमा पोखरा-५, ६, ७, ८, ९, १७, २१, २२, २३, ३३ र पोखरा-१८ र २४ को तल्लो भाग, नदीपुरमा अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, पोखरा-१, २, ३, ४, १६, १९, २५ र पोखरा-१८ र २४ को तल्लो भागको टोली सहभागी हुने एमाले कास्की उपाध्यक्ष भेषराज बरालले जानकारी दिए।

जागरण सभामा कास्कीसहित तनहुँ, पर्वत, स्याङ्जालगायत जिल्लाबाट पनि सहभागिता रहनेछ। च्यालीपछिको सभालाई नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले विशेष सम्बोधन गर्नेछन्। च्यालीमा १८ हजार जनाको सहभागिता रहने गरी तयारी सकिएको उपाध्यक्ष बरालले बताए।

जागरण सभाले गर्दा बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म महेन्द्रपुल, चिप्लेढुंगा क्षेत्रमा सवारी आवागमनमा अवरोध हुनसक्ने भएकाले वैकल्पिक सडक प्रयोग गर्न एमाले कास्की सचिव दर्शन लामाले आग्रह गरे। कार्यालय, विद्यालय बन्द रहने दिन भएकाले जागरण सभाले कार्यालय र पठनपाठनमा अवरोध नगर्ने उनको भनाइ छ।

# ल्वाङगाउँ भलिबल: उपाधिका लागि युके लण्डन र घाचोक भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत

ग्रिनहिल युवा क्लबको आयोजनामा कास्कीको माछापुच्छे गाउँपालिका ८ पर्यटकीय ल्वाङगाउँमा जारी ऐतिहासिक ३१ औं चैत्र दशैं मेलामा पुरुष भलिबलतर्फ युके लण्डन र घाचोक उपाधिका लागि भिड्ने भएका छन्।

क्लबका अध्यक्ष सुजन गुरुङका अनुसार युके लण्डन र टि गार्डेनबीच आज (शुक्रबार) भएको पहिलो सेमिफाइनल खेलमा टि गार्डेनलाई २५-१८, २५-२० र २५-१९ को सोझो सेटले पराजित गर्दै युके लण्डन फाइनलमा प्रवेश गरेको हो। यस्तै दोस्रो सेमिफाइनल खेलमा घाचोकले स्याङ्जालाई ११-२५, २५-१८, २५-२१ र २३-२५ को सेटमा पराजित गर्दै फाइनलमा युके लण्डनसँगको भेट पक्का गर्यो। उनका अनुसार तृतीय स्थानका लागि भने टि गार्डेन र स्याङ्जाबीच प्रतिस्पर्धा हुनेछ। महिलातर्फ यसअघि नै हिमशिखर क्लब धम्पुस र बौद्धसिर्जना क्लब घलेल फाइनलमा प्रवेश गरिसकेका छन्। उक्त खेल पनि शनिबार नै सम्पन्न हुने गुरुङले बताए। कुल २४ टिमको सहभागिता रहेको पुरुषतर्फको विजेता टिमलाई नगद १ लाख १० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने क्लबका सचिव निरोज गुरुङले बताए। उनका अनुसार उपविजेता टिमलाई नगद रु ६० हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ। तृतीय स्थान हाँसिल गर्ने टिमले नगद रु २० हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्नेछ। भने, सान्त्वना स्थान हाँसिल गर्ने टिमलाई नगद रु १० हजारले पुरस्कृत गरिनेछ। यसैगरी महिलातर्फ प्रथम हुने टिमलाई नगद रु २० हजार, द्वित्तियलाई १० हजारसहित शिल्ड, मेडल तथा प्रमाणत्र प्रदान गरिनेछ। गत २४ गतदेखि सञ्चालनमा रहेको सो मेलामा खेलकुदका गतिविधिसँगै विविध सांस्कृतिक कार्यक्रमहरुको आयोजना हुँदै आएको छ।

# पोखरा महानगर अन्तर विद्यालय छात्रा टि-२० क्रिकेट प्रतियोगिताको उपाधि भद्रकाली माविलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत



पोखरा महानगरपालिका अन्तर विद्यालय छात्रा टि-२० क्रिकेट प्रतियोगिताको उपाधि भद्रकाली माविले जितेको छ।

पोखरा महानगरपालिका क्रिकेट संघको आयोजनामा पोखराको लेखनाथस्थित ईडेन हेभन क्रिकेट मैदानमा शुक्रबार भएको उपाधि भिडन्तमा वाराही माविलाई १४ रनले पराजित गर्दै भद्रकाली माविले उपाधि जितेको हो। उत्कृष्ट प्रदर्शनका बाबजुद वाराही मावि भने उपबिजेतामा सिमित भएको छ। बिजेता र उपबिजेता बनेका दुबै विद्यालयले ट्रफीसहित मेडल र प्रमाण पत्र प्राप्त गरेको छ।

विहीबार भएको फाईनल खेलमा भद्रकाली माविले टस जितेर पहिलो व्याटिङ गर्दै निर्धारित २० ओभरमा ५ विकेट गुमाएर २२६ रन बनाएको थियो। भद्रकालीका लागि विष्फोटक व्याटिङ गरेकी रिया तामाङले ८० बलको सामना गर्दा १२४ रनको शतकीय पारी खेलेकी थिईन्। त्यस्तै, रिसा तामाङले २४ बलमा २४ रनको योगदान दिएकी थिईन्। २२७ रनको विशाल लक्ष्य पछ्याएको वाराही मावि ४ विकेटको नोक्सानीमा २१२ रनमा समेटिएपछि भद्रकाली १४ रनले बिजयी भएको हो। वाराही माविका लागि सुस्मिता श्रेष्ठले ७२ बलमा ६४ रन, सफलता भुजेलले ४७ बलमा २९ रन र मेघा खड्गीले १७ बलमा २६ रन हानेपनि जितका लागि पर्याप्त भएन। वाराहीलाई लक्ष्य भेट्टाउन नदिनका लागि भद्रकालीकी आसु गुरुङले ४ ओभरमा ४० रन खर्चेर २ विकेट हत्याईन्। फाइनल खेलको प्लेयर अफ दी म्याच बिजेता टिम भद्रकालीकी रिया तामाङ बनिन्। उनी प्लेयर अफ दी सिरिज र बेष्ट ब्याटरसमेत भईन्। त्यस्तै, वाराही माविकी सुस्मा पौडेल बेष्ट बलर घोषित भईन्। उनीहरुलाई ट्रफी र मेडल प्रदान गरिएको थियो। बिजेताहरुलाई पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुन, पूर्व राष्ट्रिय खेलाडी राजकुमार छन्त्याल, म्याच अफिसियल प्रदीप तामाङलगायतले पुरस्कार वितरण गरेका थिए।

यसैबीच, पोखरा महानगर क्रिकेट संघले अन्तर विद्यालय छात्रा टि-२० क्रिकेट प्रतियोगिताबाट उत्कृष्ट ३६ जना खेलाडी छनौट गरिने जनाएको छ। ती ३६ जनालाई ३ वटा टिम बनाएर केहि समयपछि सुपर लिग खेलाईने अध्यक्ष पुनले जानकारी दिए। उक्त सुपर लिगबाट उत्कृष्ट खेलाडी छनौट गरेर पोखरा महानगरपालिकाको टिम बनाईने उनको भनाई छ। 'त्यसपछि देशभरका महानगरपालिका स्तरीय क्रिकेट प्रतियोगिता आयोजना गरेर खेलाडीलाई एक्सपोजर दिईन्छ'-उनले भने।


## उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू

- नून कम भएको स्वस्थ र पोषिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिगौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# जैविक मल उत्पादन गर्दै ठोट्नेखोला सामुदायिक वन

हरि बाँस्तोला
गण्डकी, २९ चैत

सामुदायिक वन उपभोक्ता समूहले काठको विकल्पनमा अन्य वन पैदावारबाट रोजगार सृजनासँगै आयआर्जन गर्न सुरु गरेका छन् । वनजङ्गलभित्र थुप्रिएका प्रज्वलनशील पदार्थको उपयोग गर्दै रोजगारी सृजनासहित जैविक मल उत्पादनमा जुटेका हुन् ।

पोखरा महानगरपालिका-१८ सराङकोटस्थित ठोट्नेखोला सामुदायिक वन उपभोक्ता समूह यतिखेर यसको ज्वलन्त उदाहरण बनेको छ। सो समूहले वन क्षेत्रमा थुप्रिएको घाँस, पातपतिङ्गर र झाडीलाई सङ्कलन गरेर जैविक मल उद्यम सञ्चालन गरेको छ । वनमा कुहिएर तथा जलेर नष्ट हुने स्याउला-सोत्तरबाट उत्पादित प्राङ्गरिक मल बजारमा बिक्री गर्ने लक्ष्यका साथ सुरु गरिएको मल उद्यमले रोजगार सृजना गर्नुका साथै रासायनिक मलको मागलाई समेत केही हदसम्म भए पनि कम गर्ने वन समूहका अध्यक्ष दिनेश श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार यही चैत महिनाको पहिलो हप्ताबाट सुरु गरिएको अभियानअन्तर्गत हालसम्म वन क्षेत्रको छुट्टाछुट्टै दुई स्थानमा गरी ५० हजार केजी कच्चा पदार्थ सङ्कलन भएको छ । वन पैदावार सङ्कलनमा दैनिक २० जना श्रमिकले रोजगार प्राप्त गरेका छन् । “उपभोक्ताले सङ्कलन गरेको हरियो स्याउला,



भुइँझारलाई सुरुमा प्रतिकिलो रु दुई का दरले खरिद गर्ने व्यवस्था भए पनि पछिल्लो समय सुकेका रु पाँच र हरियो पात पतिङ्गरको रु तीन प्रतिकिलोका दरले खरिद गरिँदै आएको छ। यसरी उत्पादित मल बजारमा प्रतिकिलो रु २५ का दरले बिक्री हुने गरेको छ”, उहाँले भन्नुभयो, “जैविक मल उत्पादनका लागि अहिलेसम्म समूहको रु दुई लाखभन्दा बढी लगानी भइसकेको छ ।” वनजङ्गलबाट सङ्कलन गरिएको स्याउला तथा घाँसपात जम्मा गरेपछि आधुनिक मेसिनद्वारा कटिङ गरी ससाना टुक्रा बनाएर जैविक मल उत्पादन गर्न ९० दिन लाग्ने र यसरी व्यवस्थित र वातावरणमैत्री ढङ्गबाट तयार गरिएको मल खेतबारीमा अत्यन्त उपयोगी हुने अध्यक्ष श्रेष्ठको भनाइ छ । कास्की जिल्लाको अँधेरीकुनाबाट सुरु गरिएको सङ्कलन कार्य विस्तार भई अहिले देउराली क्षेत्रसम्म विस्तार भएको बताउँदै अध्यक्ष क्षेष्ठले भन्नुभयो, “डिभिजन वन कार्यालय कास्कीबाट ज्वलनशील पदार्थ व्यवस्थापन शीर्षकमा रु १० हजार सहयोग प्राप्त भएको छ। समूहले नवलपुर जिल्लाको विनय त्रिवेणी गाउँपालिकास्थित विनयी सामुदायिक वन समूहले उत्पादन गरेको जैविक मल उद्यमको स्थलगत अध्ययनपश्चात मल उत्पादन कार्यलाई अघि बढाइएको हो ।” अधेरीकुनामा सङ्कलित वनपैदावार विद्युतीय तुलोमार्फत जोख्न व्यस्त सो वन समूहकी सदस्य विष्णु कुमालका अनुसार दिनभरि काम गर्नेले रु एक हजार ५०० सम्म र फुर्सदको समयमा आउने गृहणीले पनि कम्तीमा रु पाँच सय आयआर्जन गर्दै आएका छन् । सो समूहले गड्यौंला मल समेत उत्पादन गर्ने योजना बनाएको बताएको छ ।

डिभिजन वन कार्यालय कास्कीका प्रमुख कोमलराज काफ्लेले ठोट्ने खोला सामुदायिक वन समूहले जस्तै देशभरका सम्पूर्ण वन समूहले काम गर्नुपर्नेमा जोड दिँदै यस कार्यबाट प्रत्येक वर्ष बढ्दै गएको वन डढेलो न्यूनीकरण, रोजगारी सृजना र कृषि व्यवसायमा समेत योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

दाउरोको प्रयोग कम हुनु, वस्तुभाउ पाल्नेको सङ्ख्यामा कमी आउनुको कारण चरिचरनको अभाव र वन क्षेत्रमा थुप्रियका ज्वलनशील पदार्थको कारण वन डढेलोको जोखिम बढेको बताउँदै प्रमुख श्रेष्ठले वन समूहलाई जैविक मल उत्पादनमा प्रेरित गर्नुपर्ने खाँचो औँल्याउनुभयो।यस्तागतिविधिले मानव-वन्यजन्तु हुने सम्भावित द्वन्द्वलाई समेत केही हदसम्म भए पनि कम गर्ने उहाँको भनाइ छ ।

यसरी उत्पादित जैविक मल प्रयोगबाट माटोको उर्वराशक्ति बढ्नुका साथै विदेशबाट बर्सेनि आयात गरिने ठूलो धनराशिको रासायनिक मललाई समेत विस्तापित गर्दै प्राकृतिक स्रोतलाई स्थानीयको आयआजर्नसँगै मुलुकको समृद्धिसँग जोड्नेतर्फ सरोकार भएका सबैको ध्यान जानुपर्ने सुझाव किसान समुदायबाट आएको छ ।

गण्डकी प्रदेश नवलपुर जिल्लास्थित विनयत्रिवेणी गाउँपालिकाको विनयी सामुदायिक वन समूहले विगतदेखि नै जैविक मल उत्पादन गर्दै आएको छ । पछिल्लो समय गाउँपालिकाले अपनत्व लिएको उद्योगमा हाल ८० जनाले प्रत्यक्ष रोजगार प्राप्त गरेका पालिकाले जनाएको छ ।

वन समूहको अधिकारका लागि पैरवी गर्दै आएको छाता सङ्गठन सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले विभिन्न दातृराष्ट्रको सहयोगमा सञ्चालित परियोजनाहरूलाई यस किसिमका प्राङ्गारिक मल उत्पादन गर्ने उद्योगसँग जोड्नुपर्ने खाँचो औँल्याएको छ ।

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं २५९७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI4090000714 | प्रतिक्षा क्षेत्री | देउराली-२, कास्की |

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८१/१२/२८

कास्की जिल्ला मौजे पौदी ५५ नं. का जि.मु. भोलानाथ पाध्या जिम्मा २०१० सालको नम्बरी पाखो तर्फको मोठ लगत उतार बमोजिम नन्दलाल श्वभाखरका नाउँमा साविक दर्ता भएको २०३२ सालसम्मको तिरो तिरेको भू.सु ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा लुकुम्स्वारा ५ कि.नं. ८८ क्षे.फ. ०-७-१-० को जग्गा फिल्डबुकमा टेक नाथ बरालको नाउँमा कायम भएकोमा निज टेकनाथ बरालको मिति २०४५।०८।२२ मा मृत्यु भएकोले निजको नजिकको हकदार एकमात्र श्रीमती टुकमाया बराल रहेको हुँदा उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला साविक पुम्दीभुम्दी ३ हाल पोखरा म.न.पा. वडा नं. २२ बस्ने टुकुमाया बरालले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स/ न.पा. | वडा नं. | किता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुक को व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | लुकुमस्वारा | ५ | ८८ | ०-७-१-० | मकै | | टेकनाथ बराल |

ईति संवत २०८१ साल चैत्र २८ गते रोज ५ शुभम् ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# टिपरको ठक्करबाट चाइनिज कामदारको मृत्यु

पोखरापत्र संवाददाता
मनाङ, २९ चैत

टिपरको ठक्करबाट चाइनिज कामदारको मृत्यु भएको छ। मनाङको चामे गाउँपालिका-३ क्युपारमा निर्माणाधीन मनाङ-मर्स्याङ्दी जलविद्युत् आयोजनाका कामदार यु युन योङ्गको मृत्यु भएको हो ।

मनाङमर्स्याङ्दी जलविद्युत् आयोजनाको (ब्यूरो सात) कम्पाउन्डभित्र काम गरिरहेको अवस्थामा १० नम्बरवाला चाइनिज टिपर ब्याक गर्ने क्रममा ५३ वर्षीय योङ्गको टाउको ठोक्किएर चोट लागेको र घाइते भएका उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिनुभयो । उहाँका अनुसार गम्भीर घाइते भएका योङ्गको उपचारका क्रममा मृत्यु भएको हो ।

उहाँले भन्नुभयो, “योङ्गको प्रदेश अस्पताल चामेमा उपचारका क्रममा ७:३५ बजे मृत्यु भएको छ । योङ्गको शव अस्पतालमा नै रहेको छ ।” टिपरचालक दार्चुला शैलेशिखर नगरपालिका-१ बारिलका ४३ वर्षीय दशरथ खडायत प्रहरीको नियन्त्रणमा रहेका छन् । टिपरको कागजात प्राप्त नभएको र साङ्केतिक नम्बर मात्र रहेको पाइएको प्रहरीले जनाएको छ ।

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८१/१२/२८

कास्की जिल्ला मौजे कालवाङ १/२ नं. का जि.मु. नन्दविर गुरुं जिम्मा साविक ९१ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम मोठ नं. १ द.नं. १ छवे कामीका नाउँमा साविक दर्ता भएको २०३४ सालसम्मको तिरो तिरेको भू.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा लुकुमस्वारा -५ कि.नं. ३२१ क्षे.फ. ३-३-०-१/२ को जग्गा विरहमा खर किसिममा चाहार भई फिल्डबुकमा छवे कामिको नाउँमा कायम भएकोमा निज छवे कामीको मिति २०३७।१२।०५ मा मृत्यु भएकोले निजको एकमात्र श्रीमती नन्दकली कामीको मिति २०५२।१०।२० मा मृत्यु भएको निज मृतक दम्पतिबाट तिन भाई छोराहरु सेर बहादुर कामी, सुक देव कामी र दल बहादुर कामीको जायजन्म भएकोमा सेर बहादुर कामीको मिति २०६६।०७।०८ मा मृत्यु भएको निजको नजिकको हकदारमा एक मात्र श्रीमती चिजा कुमारी कामी रहेको, सुक देव कामीको मिति २०७१।०२।०५ मा मृत्यु भएको निजको नजिकको हकदारमा एक मात्र श्रीमती विन्दु कामी रहेको र कान्छा छोरा दल बहादुर कामी जिवित रहेकोले उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला साविक पुम्दिभुम्दी-३ हाल पोखरा म.न.पा. वडा नं. २२ बस्ने दल बहादुर कामी, विन्दु कामी र चिजा कुमारी कामीले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अधि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सुचना प्रकाशित भएको मितिले ३५ ( पैतिस) दिन भित्र सबुद प्रमाण सहित दाबी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.बि.स/ न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुक को व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | लुकुमस्वारा | ५ | ३२१ | ३-३-०-१/२ | खर | चाहार | छवे कामी |

ईति संवत २०८१ साल चैत्र २८ गते रोज ५ शुभम् ।

# म्याग्दीमा १२ जलविद्युत् आयोजना निर्माणाधीन

पोखरापत्र संवाददाता
गण्डकी, २९ चैत

कालीगण्डकी, म्याग्दी, राहुघाट र निलगिरि खोलामा १२ जलविद्युत् आयोजना निर्माणाधीन छन् । यी आयोजना निर्माण सकिएपछि राष्ट्रिय प्रसारण लाइनमा ४५६ दशमलव ५ मेगावाट विद्युत् थपिने छ। म्याग्दीको अन्नपूर्ण गाउँपालिकाबाट पछिल्लो पाँच वर्षमा चारवटा आयोजनाले १११ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण लाइनमा पठाएका छन् ।

निर्माणाधीन आयोजनामध्ये केही यसै आर्थिक वर्ष र केही आउँदो वर्ष केन्द्रीय प्रसारण लाइनमा जोडिँदै छन् । केही आयोजनाले भने पहुँचमार्ग निर्माण गरी टनेल खन्ने तयारी गरेका छन् । त्यस्तै ४० दशमलव ७ मेगावाट क्षमताको निलगिरि पहिलो, ३७ दशमलव ५ मेगावाटको मुङ्गले राहुघाट र छ मेगावाट क्षमताको रेलेखोला आयोजना अन्तिम चरणमा छन् । अन्नपूर्ण गाउँपालिकामा निर्माण भएका ७१ मेगावाटको निलगिरि दोस्रो, ४२ मेगावाटको मिस्त्रीखोला, १४ मेगावाटको घारखोला र पाँच मेगावाटको घलेम्दीखोला जलविद्युत् आयोजनाको विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोडिइसकेको छ । अन्नपूर्ण गाउँपालिकामा ६६ दशमलव ५ मेगावाटको मध्यकालीगण्डकी जलविद्युत् आयोजना निर्माण सुरु भएको छ। कुल रु ३९ अर्ब ५० करोड २४ लाख लागत अनुमान गरिएको १८० मेगावाटको कालीगण्डकी जलविद्युत् आयोजनाले वित्तीय स्रोत व्यवस्थापन गरेर निर्माणको तयारी गरेको छ । रघुगङ्गा गाउँपालिका भएर बग्ने राहुघाट नदीमा ४० मेगावाटको राहुघाट जलविद्युत् आयोजना, ४८ दशमलव ५ मेगावाटको माथिल्लो राहुघाट, २१ दशमलव ३ मेगावाटको ठूलोखोला जलविद्युत् आयोजना र सबैभन्दा माथि २२ दशमलव ५ मेगावाट क्षमताको ठूलोखोला माथिल्लो ‘ए’ जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन् । यी सबै आयोजनाले एक वर्षभित्र विद्युत् उत्पादन सुरु गर्ने रघुगङ्गाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो । उहाँका अनुसार ३७ दशमलव ५ मेगावाटको मङ्गले राहुघाटले परीक्षण उत्पादनको तयारी गरेको छ। म्याग्दीखोला जलाधार क्षेत्रमा रहेका २५ मेगावाटको दरबाङ म्याग्दीखोला आयोजना, ५३ मेगावाटको अपर म्याग्दी-१ र ३७ मेगावाटको अपर म्याग्दीले धमाधम टनेल निर्माण गरिरहेका छन् भने ५७ मेगावाटको म्याग्दीखोला जलविद्युत् आयोजनाले पहुँचमार्ग निर्माण गरिरहेका धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो । म्याग्दीको उत्तरी भेगमा बेनीबाट मुस्ताङ सीमावर्ती घाँसासम्मको ३७ किमी खण्डमा बग्ने कालीगण्डकी नदीमा १८० मेगावाटको कालीगण्डकी गर्ज, ६६ दशमलव ५ मेगावाटको मध्यकालीगण्डकी, ५८ मेगावाटको तिप्ल्याङ कालीगण्डकी, ६५ मेगावाटको अपरकालीगण्डकी तथा ५० दशमलव ५३ मेगावाटको बेनी कालीगण्डकी गरी करिब ३८८ मेगावाट क्षमताका आयोजना विद्युत् विकास विभागसँग खरिद सम्झौता गरी निर्माण प्रक्रियामा छन्। बेनी कालीगण्डकीको ‘एलाइमेन्ट’मा म्याग्दी सदरमुकाम बेनीको अवरोध रहेकाले प्रक्रिया रोकिएको छ।

म्याग्दीमा निर्माण भएका र निर्माणाधीन जलविद्युत् आयोजनाको केन्द्रीय ग्रिडमा जोड्नका लागि २२० केभी क्षमताको कालीगण्डकी करिडोर दाना-खुर्कोट प्रसारण लाइन र सबस्टेशन निर्माण भइसकेको छ। एक सय ३२ केभी क्षमताको डाँडाखेत-राहुघाट प्रसारण लाइन र सबस्टेशन निर्माणाधीन छ । सबस्टेशन र प्रसारण लाइन निर्माणसँगै जलविद्युत् आयोजनाले गति लिन थालेका गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले बताउनुभयो।

# गोरखा-जितगढी एकीकरण पदयात्रा तनहुँ आइपुग्यो

पोखरापत्र संवाददाता
दमौली, २९ चैत

ऐतिहासिक महत्त्व बोकेका स्थानको प्रवर्द्धन गर्ने उद्देश्यका साथ सुरू भएको नेपाली सेनाको ऐतिहासिक गोरखा-जितगढी पदयात्रा तनहुँ आइपुगेको छ ।

पृथ्वीनारायण शाहले राज्य एकीकरणका क्रममा प्रयोग गरेका पदमार्गको प्रचारप्रसार गर्दै कोट, गढी, किल्लाहरूको संरक्षण गर्ने र इतिहासबारे सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यसहित सुरू भएको गोरखा-जितगढी एकीकरण पदयात्रा टोली बिहीबार साँझ तनहुँ आइपुगेको हो ।

गोरखा दरबारबाट सुरू भएको पदमार्ग पालुङटार सतिघाट हुँदै तनहुँ आइपुगेको हो। रिपुमर्दन गणले सतिघाटबाट भानु नगरपालिकास्थित रूरू भैरव दल गणलाई पदयात्राको झण्डा हस्तान्तरण गरेको छ । पदयात्रा टोलीलाई स्थानीयवासीले बाजागाजा बजाएर भव्य स्वागत गरेका छन् । उक्त कार्यक्रममा भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठी, प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापालगायतले पदयात्रा टोलीलाई स्वागत गर्नुभएको थियो । उक्त पदयात्रा टोली आज (शुक्रबार) व्यास नगरपालिका-११ तनहुँसुर दरबार आइपुग्ने कार्यतालिका रहेको व्यास नगरपालिका-५ चापाघाटस्थित कालीभञ्जन गण (इ) का गणपति प्रमुख सेनानी वसन्त कार्कीले जानकारी दिनुभयो । तनहुँसुर आएर उक्त पदयात्राको झण्डा कालीभञ्जन गण (इ) लाई हस्तान्तरण गर्ने कार्यक्रम छ। पदयात्रा टोलीलाई स्थानीय तहको समन्वयमा स्वागत गर्ने कार्यक्रम छ । पदयात्रा कार्यक्रमले राज्य एकीकरण गर्दा प्रयोग गरिएका पदमार्गका बारेमा सबैलाई जान्ने अवसर मिल्ने प्रमुख सेनानी कार्कीले बताउनुभयो । तनहुँसुरबाट पदयात्रा टोली तनहुँकै धेनुङ देउराली पुग्नेछ। धेनुङ देउरालीमा श्री नम्बर ३ राजदल गणलाई झण्डा हस्तान्तरण गरिनेछ। धेनुङ देउरालीबाट केलादीघाटसम्म पुगेको टोलीलाई श्री दि फेमस महेन्द्रदल गणलाई झण्डा हस्तान्तरण गरिनेछ । पदयात्रा टोली चैत २९ देखि वैशाख २ गतेसम्म तनहुँ खण्डमा रहनेछ ।

केलादीघाटबाट नुवाकोटगढीसम्म पुगेको टोलीलाई गरूणदल गणलाई झण्डा हस्तान्तरण गर्ने र वैशाख ७ गते पदयात्रा टोली नुवाकोटगढीबाट जीतगढीसम्म पुग्ने कार्यक्रम छ । पदयात्रामा फौज, बाजागाजा, राष्ट्रिय झण्डा तथा एकीकरणको दौरान स्थापना भएका पाँच प्रथम कम्पनी (श्रीनाथ, कालीबक्स, पुरानो गोरख, बर्दवाणी र सबुज) र जितगढी लडाइमा सहभागी गुरूबक्स गुल्मको झण्डा समावेश गरिएको नेपाली सेनाले जनाएको छ ।

गोरखादेखि जितगढीसम्मको दूरी २०७ किलोमिटर रहेको छ । नेपाली सेनाले हरेक वर्ष गोरखा-जितगढी पदयात्रा गर्दै आएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८१/१२/२७

कास्की जिल्ला मौजे वाटुलेचौर ५ नं. का जि.मु. लिलाधर रेग्मी जिम्मा साविक १९९१ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम मोठ नं. ६९० द.नं. २९ मोहीको नाम मान बहादुर खवासको नाउँमा साविक दर्ता भएको, २०३२ साल सम्मको तिरो तिरेको भू.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा बाटुलेचौर -५ को कि.नं. १६९ क्षे.फ.०-३-१-३ को जग्गा लोक बहादुर खवासको नाउँमा फिल्डबुकमा कायम भएको दर्ता छुट हुन गएको लोक बहादुर खवासको मिति २०६५।०२।२६ मा मृत्यु भएको निजको एकमात्र श्रीमती कृष्ण कुमारी खवासको मिति २०४९।०२।१५ मा मृत्यु भएको निज मृतक दम्पतिबाट ३ भाई छोरा र ४ छोरी को जायजन्म भएकोमा छोरीहरु सबैको विवाह भएको भनी वडा सिफारिस लगायतका कागजातहरुबाट खुलिआएको, हामीले नै भोगचलन गर्दै आईरहेको उक्त जग्गाको नजिकका हकदारमा हामी ३ भाई छोरामात्र रहेकोले हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १६ बस्ने शेर बहादुर खवास, पुर्ण बहादुर खवास र कृष्ण बहादुर खवासले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | बाटुलेचौर | ५ | १६९ | ०-३-१-३ | खर | चाहार | लोक बहादुर खवास |

ईति संवत २०८१ साल चैत्र २७ गते रोज ४ शुभम्।

# पालिकास्तरीय अस्पताल भवन अलपत्र

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ चैत

मङ्गला गाउँपालिकास्थित १० शैया क्षमताको पालिकास्तरीय अस्पताल भवन अलपत्र बनेको छ । विसं २०७८ असारमा दुई वर्षभित्र सम्पन्न गर्नेगरी रु नौ करोड ११ लाखमा ओमबुद्ध इन्टर नेसनल कन्ट्रक्सनले ठेक्का लिएको थियो ।

मङ्गला-५ हाडेभिरस्थित निर्माणाधीन भवन पछिल्लो एक वर्षयता कुनै पनि भौतिक प्रगति नभएको गाउँपालिकाका उपाध्यक्ष पेमा अधिकारी क्षेत्रीले बताउनुभयो । “भवनको भुइँ तलासम्म ढलान गरेका निर्माण व्यवसायीलाई ताकेता गरे पनि काममा फर्किन अटेर गरेका छन्”, उहाँले भन्नुभयो, “निर्माण व्यवसायीको ढिलासुस्तीका कारण अस्पताल अलपत्र परेको हो ।” क्षेत्रीका अनुसार हालसम्म करिब १० प्रतिशतमात्र भौतिक प्रगति भएको छ । एक हजार १२४ दशमलव ६४ वर्गमिटर क्षेत्रफलमा निर्माण हुने उक्त भवनमा ३५ कोठा हुनेछन् । आकस्मिक, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, औषधि भण्डारण, प्रशासन, चिकित्सक र स्वास्थ्यकर्मीको आवाससहितको भवन अपाङ्गमैत्री र भूकम्प प्रतिरोधी हुने उहाँले जानकारी दिनुभयो । सम्झौतापछि प्रारम्भिक चरणमा जग्गा व्यवस्थापन गरेर सम्पर्कविहीन भएको ठेकेदारको धरौटी जफत, ठेक्का तोड्ने र कालोसूचीमा राख्ने प्रक्रिया अघि बढाएपछि २०८० साल मङ्सिरमा काममा फर्किएका जनाउँदै कामलाई निरन्तरता नदिएपछि पुनः कारबाही प्रक्रिया अघि बढाइएको गाउँपालिकाले जनाएको छ । सङ्घीय सरकारको प्रत्येक स्थानीय तहमा आधार भूत अस्पताल सञ्चालन गर्ने नीतिअनुसार २०७७ साल पुसमा मङ्गला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले भवनको शिलान्यास गर्नुभएको थियो । भवन निर्माणका लागि स्थानीयवासीले छ रोपनी जग्गा उपलब्ध गराएका छन् । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवामा रु आठ करोड खर्चेर निर्माण भएको पालिकास्तरीय अस्पताल भवन चिकित्सक र उपकरण अभावमा सञ्चालन नहुँदा भवन परिसर झाँडीमा परिणत भएको छ । धवलागिरि गाउँपालिकाको ताकममा पाँच शय्या क्षमताको अस्पताल भवन निर्माण भने सुस्तगतिमा अघि बढेको छ ।

रघुगङ्गा गाउँपालिकामा स्थान विवादका कारण अस्पताल भवन निर्माण प्रक्रिया अघि बढ्न सकेको छैन । मालिका गाउँपालिकाले दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई आधार भूत अस्पतालमा स्तरोन्नति गरिएको छ । जिल्ला सदरमुकाम अवस्थित बेनी नगरपालिकामा ५० शय्या क्षमताको प्रादेशिक बेनी अस्पताल निर्माण गरी सञ्चालनमा आएको छ ।

# नयाँ वर्षमा तनहुँमा ‘उकालो दौड’ प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ चैत

पर्यटकीय गाउँ भुजिकोट क्षेत्रको प्रचार गर्न नयाँ वर्ष २०८२ को पहिलो दिन खुला उकालो दौड प्रतियोगिता हुने भएको छ । शुक्लागण्डकी नगरपालिका-२ स्थित अन्नपूर्ण युवा क्लब कोत्रेको आयोजनामा ‘ दोस्रो भुजिकोट स्थानथोक राष्ट्रिय खुला उकालो दौड प्रतियोगिता’ हुन लागेको हो ।

खेलकुदका माध्यमबाट भुजिकोटसँगै समग्र वडामा पर्यटकीय गतिविधि सञ्चालन गर्न प्रतियोगिताको आयोजना गरिएको क्लबका पूर्वअध्यक्ष एवं कार्यक्रमका संयोजक खेम गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा १८ देखि ४५ वर्ष उमेर समूहका महिला र पुरुष सहभागी हुन पाउनेछन् । पर्यटकीय क्षेत्र भुजिकोट, स्थानथोकसहित यहाँ रहेका पुराना सांस्कृतिक बस्ती, आदिवासी समुदायको संस्कृति, घरवास कार्यक्रम, ऐतिहासिकस्थलको अवलोकन र दृश्यावलोकनमार्फत यस क्षेत्रको प्रचार गर्न प्रतियोगिता सफल हुने संयोजक गुरुङको विश्वास रहेको छ । दौड प्रतियोगिताका साथै गुलेली हान्ने, कुखुराको भाले समाउने र सांस्कृतिक प्रस्तुति प्रदर्शनलगायतका कार्यक्रम सञ्चालन गरिने क्लबका अध्यक्ष अनिल खनालले बताउनुभयो । देशभरका २०० धावक सहभागी हुने अपेक्षा आयोजकको रहेको छ । उहाँले प्रतियोगितामा उत्कृष्ट २० जनासम्मलाई मेडलमार्फत सम्मान गरिने बताउनुभयो । कार्यक्रमका प्रवक्ता तीर्थराज खनालले प्रतियोगितामा सहभागी भई विजेता हुने धावकलाई नगद तथा प्रमाणपत्र प्रदान गरिनेछ । प्रथमसहित पाँचौँसम्मका धावकलाई क्रमशः रु ३३ हजार ३३३, रु २२ हजार २२२, रु ११ हजार १११, रु पाँच हजार ५५५ र रु तीन हजार ३३३ नगदसहित सम्मान गरिने उहाँले जानकारी दिनुभयो । कोत्रेचोकदेखि स्थानथोकसम्मको नौ किलोमिटरको दूरीमा प्रतियोगिता हुने जनाउँदै प्रवक्ता खनालले धावकको नाम दर्ताका लागि रु २५० शुल्क लाग्ने बताउनुभयो । उहाँले प्रतियोगिता सम्पन्न गर्न रु तीन लाख लागत अनुमान गरिएको जनाउनुभयो । क्लबले यसअघि २०७५ मा पनि भुजिकोट उकालो दौड प्रतियोगिता सञ्चालन गरेको थियो । कोरोना महामारीलगायत विभिन्न कारणले रोकिएको प्रतियोगितालाई अब बर्सेनि निरन्तरता दिइने सो क्लबले जनाएको छ । शुक्लागण्डकी-२ भुजिकोट-स्थानथोकबाट पोखराका तालतलैयादेखि हिमालयका सुन्दर दृश्य, विभिन्न जिल्लाका दृश्यावलोकन, राष्ट्रिय फूल लालीगुराँसको अवलोकनका साथै रमणीय ग्रामीण परिवेश हेर्न सकिन्छ ।

# तेक्वान्दोमा सर्वोच्च ९ डान प्राप्त गर्ने ग्राण्डमास्टर गुरुङलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २९ चैत



तेक्वान्दोमा सबैभन्दा माथिल्लो उपाधि ९ डान प्राप्त गरेका ग्राण्डमास्टर तुलसीकुमार गुरुङलाई सम्मान गरिएको छ ।

गण्डकी प्रदेश तेक्वान्दो संघले शुक्रबार पोखरामा एक समारोह आयोजना गरी उनलाई खादा, दोसल्ला र ताम्रापत्रसहित सम्मान गरेको हो । प्रमुख अतिथि नेपाल तेक्वान्दो संघका केन्द्रीय उपाध्यक्ष हरेश्वर पोखरेल, संघ गण्डकी अध्यक्ष जगन गुरुङ, महासचिव रमेश पौडेलसमेतले उहाँलाई बधाई दिँदै सम्मान गरेका हुन् । सो अवसरमा नेपाल तेक्वान्दो संघका केन्द्रीय उपाध्यक्ष हरेश्वर पोखरेलले आफ्ना गुरु तुलसीकुमारबाटै आफूले तेक्वान्दोको यात्रा सुरु गरी एशियान गेम्ससम्म पुगेको स्मरण गर्दै उनीप्रति कृतज्ञता व्यक्त गर्नुभयो । उहाँले तेक्वान्दोले के दियो भन्दा पनि आफूले के दियौं भन्ने बुझेर समर्पित हुनुपर्ने बताउनुभयो ।

गण्डकी प्रदेश तेक्वान्दो संघ अध्यक्ष जगन गुरुङले तेक्वान्दो खेलमा तुलसीकुमारले एउटा इतिहास रचेको बताउनुभयो । सम्मानित गुरुङले आफ्नो लक्ष्यमा पुग्न प्रतिबद्धता र आत्मविश्वास महत्वपूर्ण हुने बताउनुभयो । यहाँसम्म आइपुग्दा परिवारका सदस्य एवं आफन्तको पनि सदा सहयोग रहेको स्मरण गर्नुभयो । नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष एवं संघका महासचिव रमेश पौडेलले उहाँको सम्मानले सम्पूर्ण खेलजगत्को सम्मान भएको बताउनुभयो । यस क्षेत्रमा लाग्ने नयाँ पुस्तालाई प्रेरणाको स्रोत बनेको उहाँ बताउनुभयो । प्रदेश खेलकुद परिषद् गण्डकीका सल्लाहकार एवं अग्रज व्यवसायी सुनिलकुमार गुरुङले खेल क्षेत्रमा लाग्न उहाँको प्रेरणा रहेको स्मरण गरे । उहाँको यो उपलब्धि परिवारको मात्र नभई राष्ट्रको गौरव भएको बताउनुभयो ।

जिल्ला खेलकुद विकास समिति कास्कीका नवनियुक्त उपाध्यक्ष तिलकबहादुर क्षेत्री, खेलकुद पत्रकार मञ्च कास्कीका पूर्व अध्यक्ष विनोद लामिछाने, गण्डकी प्रदेश तेक्वान्दो संघका सचिव अधिवक्ता शिव वाग्ले, संघ कास्कीका सचिव दीपेन्द्र पहारी लगायतले गुरुङलाई बधाई दिँदै आगामी दिनमा नेपालमै रहेर खेलकुद क्षेत्रको विकासमा लाग्न आग्रह गरे । पोखरा-१० निवासी उहाँले गत डिसेम्बरमा तेक्वान्दोमा सबैभन्दा माथिल्लो र सर्वोच्च उपाधि प्राप्त गर्नुभएको थियो । त्यसका लागि उहाँले कोरिया सियोलको विश्व तेक्वान्दो महासंघमा प्रयोगात्मक र लिखित परीक्षा उत्तीर्ण गर्नुभएको हो । नेपाली खेलाडीले हालसम्म ७ डानभन्दा माथिल्लो उपाधि प्राप्त गर्न नसकिरहेको अवस्थामा पोखरेली खेलाडी गुरुङले प्राप्त गरेको यो उपाधिले समग्र खेलकुद क्षेत्र उत्साहित छ । ६६ वर्षीय गुरुङ सुरुमा स्वीमिङ खेलेकोमा पछि तेक्वान्दोमा लाग्नुभएको हो । पहिलो राष्ट्रिय खेलकुदमा उहाँले स्वीमिङ खेल्नुभएको थियो । दोस्रो राष्ट्रिय खेलकुदबाट तेक्वान्दोमा भाग लिन थालेको सो अवसरमा जानकारी दिइयो । पूर्वब्रिटिस गोर्खा सैनिक तुलसी गुरुङ हाल हङकङ बस्दै आउनुभएको छ । उनी हङकङ तेक्वान्दोका प्रमुख प्रशिक्षकसमेत हुनुहुन्छ । प्रदेश खेलकुद परिषद् गण्डकीका टेक्निकल डाइरेक्टर बलराम लामा पनि तुलसीकुमार गुरुङबाहके नेपाली अरु कसैले गरेको आफ्नो जानकारीमा नभएको बताउनुभयो । तेक्वान्दो खेलमा ४ डान लिए मास्टर तथा ६ डानभन्दा माथिल्लो ब्ल्याक बेल्ट पाए ग्राण्डमास्टर भनिन्छ ।

यसैबीच, संघले अन्तर र्राष्ट्रिय रेफ्रीको मान्यता प्राप्त गर्ने रेकमाया गुरुङलाई पनि सम्मान गरेको छ । कोरियाको अन्तर्राष्ट्रिय मान्यताप्राप्त क्युकिवोन अध्यक्षले प्रदान गरेको बेल्टबाट उहाँलाई सम्मान गरिएको हो । तेक्वान्दोमा ६ डान ब्ल्याक बेल्ट प्राप्त गर्ने उनी गण्डकीको पहिलो अन्तर्राष्ट्रिय रेफ्री हुनुहुन्छ । पुम्से विधामा अन्तर र्राष्ट्रिय रेफ्री प्राप्त गर्ने उहाँ पहिलो नेपाली महिला हुन् । स्याङ्जाकी रेकमाया २५ वर्षदेखि तेक्वान्दोमा क्रियाशील हुनुहुन्छ ।


**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

## हार्दिक श्रद्धाञ्जली



**जन्म:**
**वि.स. २०११/०७/२१ गते**

**स्वर्गारोहण:**
**वि.स. २०८१/१२/२३ गते**

**स्व: तारानाथ बराल**

यस धार्मिक संस्था श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका आजीवन सदस्य सहित वरिष्ठ सल्लाहकार सदस्य एवम् यस क्षेत्रकै बौद्धिक सामाजिक व्यक्तित्व हाम्रा पथ प्रदर्शक अती हितैषी प्राध्यापक **श्री तारानाथ बराल** ज्यूको यही चैत्र २३ गते शनिबारका दिन असामयिक निधन भएकोमा हामी सम्पूर्ण समिति परिवार अत्यन्तै दुखित छौं । साथै यस धार्मिक क्षेत्रको गुठी सम्पती संरक्षण अभियान तथा गुरुयोजना बनाउन खेल्नु भएको अग्रणी भूमिका र योगदानको आज स्मरण सहित उच्च सम्मान गर्दै उहाँको निधन भएको आज आठौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै यस दुखद घडीमा सम्पूर्ण शोकसन्तप्त परिवारजन, इष्टमित्र, बन्धुवान्धव, सङ्गी साथीभाइ सबैमा धैर्यधारण गर्न सक्ने शक्ति भगवती श्री भद्रकाली माताले प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

कालीमाताले हामी सबैको कल्याण गरुन् ।

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष एवं**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर पोखरा- १२/१३**